नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

## नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२

## (Nepal Multiple Indicator Cluster Survey-NMICS 2024-25)

## नतिजा प्रतिवेदन सार्वजनिक कार्यक्रम

## प्रेस विज्ञप्ति

---

**आज २०८२ साल माघ २६ गते सोमबार,** राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा सञ्चालित नेपाल वहुसूचक सर्वेक्षण, २०८१/८२ (Nepal Multiple Indicator Cluster Survey-NMICS 2024-25) को **Survey Findings Report** को पूर्ण नतिजा प्रतिवेदन सार्वजनिक गरी यस कार्यालयको वेबसाइट http://www.nsonepal.gov.np र www.unicef.org/nepal/ मा अपलोड गरिएको व्यहोरा अनुरोध छ।

नेपालमा महिला तथा बालबालिकाको अवस्थाबारे राष्ट्रिय तथा क्षेत्रीयस्तरको अनुगमन मूल्यांकन, योजना तर्जुमा गर्न एवं स्तरीय तथा तुलनायोग्य सूचकहरू उपलब्ध गराउने प्रमुख उद्देश्य अनुरूप राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा आ.व. २०८१/८२ मा नेपाल बहुसूचक सर्वेक्षण सञ्चालन गरिएको थियो। यो सर्वेक्षण नेपालको चौथों सर्वेक्षण हो।

यसबाट संघीयका साथै प्रदेश तहसम्मका योजना तर्जुमा, नीति निर्माण तथा विकास कार्यहरूको अनुगमनको लागि आवश्यक पर्ने तथ्याङ्कहरूको अपर्याप्ततालाई न्यून पार्नुका साथै अन्तर्राष्ट्रिय घोषणाहरू तथा दिगो विकास लक्ष्यका सूचकहरूको अनुगमन तथा बहुआयामिक गरिबी मापन गर्न ठोस योगदान पुग्ने विश्वास गरिएको छ।यो सर्वेक्षणको कार्यान्वयन सातौं विश्वव्यापी बहुसूचक सर्वेक्षणको श्रृंखलाका रूपमा संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) नेपालको प्राविधिक तथा आर्थिक सहयोग एवं सहकार्यमा नेपाल सरकारले गरेको हो।

यस सर्वेक्षणमा तथ्याङ्क सङ्कलनको लागि नेपालभर ५४० क्लष्टर (गणना क्षेत्र) हरूमध्ये शहरी क्षेत्रबाट ३०४ क्लष्टर र ग्रामीण क्षेत्रबाट २३६ क्लष्टर तथ्याङ्कीय विधिबाट छनौट गरी हरेक क्लष्टरबाट गणनाको लागि २४ ओटा परिवारहरू छानिएका थिए। यसरी छानिएका जम्मा १२,९६० परिवारहरूबाट पारिवारिक विवरण सङ्कलन गरिएको थियो जसमा प्रत्येक परिवारमा भएका १५-४९ वर्ष उमेर समूहका महिला, १५-४९ वर्ष उमेर समूहका पुरुष, ५-१७ वर्ष उमेर समूहका बालबालिका तथा ५ वर्षमुनिका बालबालिकाहरूको विवरण सङ्कलन गर्नुका साथै बाल पोषणको स्थिति अवगत गर्नका लागि तौल तथा उचाई पनि मापन गरिएको थियो। पहिलो पटक १५-२४ वर्ष उमेर समूहका किशोरकिशोरीको मानसिक स्वास्थ्य सम्बन्धी विवरणसमेत

सङ्कलन गरिएको थियो। साथै छनौटमा परेका परिवारहरूको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने पिउने पानीमा रहेका हानिकारक जीवाणु *E.coli* तथा आर्सेनिक परीक्षण गर्ने कार्यक्रम पनि रहेको थियो।

यस सर्वेक्षणमा शिक्षा, मातृ तथा नवजात शिशु स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सुरक्षा र विभेद, मानसिक स्वास्थ्य लगायत अन्य सामाजिक क्षेत्रका विषयसँग सम्बन्धी तथ्याङ्क सङ्ककलन गरिएको छ।

यस प्रतिवेदनमा राष्ट्रिय स्तर, सातै प्रदेशका शहरी क्षेत्र तथा ग्रामीण क्षेत्र लगायत काठमाडौं उपत्यका शहरी क्षेत्रको खण्डिकृत तथ्याङ्क समावेश गरिएको छ ।

## मुख्य नतिजाहरू:

### बाल मृत्यु

- सर्वेक्षणको नतिजा प्रतिवेदन अनुसार प्रति १००० जीवित जन्मेका शिशुहरूमध्ये १ वर्ष उमेर नपुग्दै २७ जनामा शिशु मृत्यु रहेको देखिन्छ। त्यसै गरी ५ वर्षमुनिका बालबालिकाको मृत्युदर (बालमृत्यु दर) प्रति १००० जीवित जन्मेका बालबालिकामा ३१ जना रहेको छ। साथै प्रति १००० जीवित जन्मेका नवजात शिशुहरूमध्ये १ महिना उमेर नपुग्दै १७ जना नवजात शिशुको मृत्यु हुने गरेको देखिन्छ।
- प्रदेश अनुसार नवजात शिशु मृत्यु दर सवैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा प्रति १००० जन्ममा २६ जना छ भने सवैभन्दा कम बागमती प्रदेशमा १० जना रहेको छ। प्रति १००० जन्ममा सवैभन्दा बढी शिशुमृत्यु दर ३८ जना सुदूरपश्चिम प्रदेशमा र सवैभन्दा कम बागमती प्रदेशमा १७ जना रहेको देखिन्छ ।त्यसै गरी प्रति १००० जन्ममा सवैभन्दा बढी ५ वर्षमुनिका बालबालिका बालमृत्यु दर ४८ जना सुदूरपश्चिम प्रदेशमा रहेको छ भने सवैभन्दा कम गण्डकी प्रदेशमा २० जना रहेको देखिन्छ।

### विद्युत तथा टेलिफोनमा पहुँच

- ९६.७ प्रतिशत घरपरिवारमा विद्युत सेवाको निरन्तर स्रोतमा पहुँच पुगेको छ भने प्रदेशगत आधारमा हेर्दा सबैभन्दा धेरै गण्डकी प्रदेश (९९.५ प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेश (८०.८ प्रतिशत) रहेको छ।
- नेपालमा ९५.५ प्रतिशत घरपरिवारमा टेलिफोन (स्थिर टेलिफोन वा मोवाइल फोन) सुविधाको पहुँच रहेको छ भने प्रदेश अनुसार सबैभन्दा धेरै बागमती प्रदेश (९७.१ प्रतिशत) र सबैभन्दा कममा सुदूरपश्चिम प्रदेश (९२.६ प्रतिशत) रहेको छ ।

### सूचना तथा सञ्चार प्रविधिको प्रयोग

- प्रत्येक पाँच मध्ये चार (८२.० प्रतिशत) घरपरिवारले इन्टरनेट सुबिधा सहितको उपकरणको प्रयोग गरेको पाइयो।
- १५-४९ वर्ष उमेर समूहका महिलामध्ये ८१.६ प्रतिशत महिलाहरूसँग आफ्नै मोाबाइल फोन रहेको छ भने ७२.७ प्रतिशत महिलाहरूले गत तीन महिनामा मोबाइल फोन प्रयोग गरेको देखिन्छ । त्यसै गरी १५-४९ वर्ष उमेर समूहका पुरुषहरूमध्ये ९०.४ प्रतिशत पुरुषहरूसँग आफ्नै मोबाइल

फोन रहेको छ भने गत तीन महिनामा ७८.७ प्रतिशत पुरुषहरूले मोबाइल फोन प्रयोग गरेको देखिन्छ।

## सुर्तीजन्य पदार्थको सेवन

- नेपालमा ५.१ प्रतिशत तथा ४१.८ प्रतिशत क्रमशः १५-४९ वर्ष उमेर समूहका महिलाहरू तथा पुरुषहरूले सर्वेक्षणभन्दा अघिल्लो महिनामा कुनै किसिमको सुर्तीजन्य पदार्थ सेवन गरेको पाइयो।
- ७.६ प्रतिशत पुरुष र २.१ प्रतिशत महिलाले १५ वर्षअगाडि नै एक खिल्ली चुरोट/विंडी पुरै सेवन गरेको पाइयो।

## प्रजजन् तथा मातृत्व स्वास्थ्य

- कूल प्रजनन् दरका सन्दर्भमा प्रति महिला (१५-४९) वर्ष उमेर समूहले १.९ जीवित बच्चा जन्माएका पाइयो।
- १५-१९ वर्ष उमेर समूहको किशोरीको प्रजनन् दरका सन्दर्भमा प्रति १००० किशोरीहरूले ४८ जीवित बच्चा जन्माएका पाइयो भने २०-२४ वर्ष उमेर समूहका दश जना महिलामध्ये १ जना (११.२ प्रतिशत) महिलाले १८ वर्ष उमेरअगाडि नै जीवित बच्चा जन्माउने गरेको पाइयो।
- १५-४९ वर्ष उमेर समूहका हालै विवाहित महिलाहरूमध्ये प्रत्येक ३ जनामध्ये १ जना (३५.० प्रतिशत) विवाहित महिलाले परिवार नियोजनको उपाय तथा साधनहरू (परम्परागत वा आधुनिक विधि) को प्रयोग गरेको देखिन्छ भने सोही उमेर समूहका २ जनामध्ये १ जना (५५.२ प्रतिशत) महिलाले आधुनिक परिवार नियोजनका साधन/सेवाहरूको आफ्नो माग अनुसार प्रयोगमा सन्तुष्टि रहेको देखिन्छ।
- सर्वेक्षणभन्दा २ वर्षअघिसम्मको अवधिमा जीवित शिशुलाई जन्म दिएका १५-४९ वर्ष उमेर समूहका महिलाहरूमध्ये ८५.० प्रतिशतले सिफारिश भए बमोजिम कुनै स्वास्थ्यकर्मीसँग कम्तिमा ४ पटक पूर्वप्रसूति जाँच गराएको देखिन्छ।
- सर्वेक्षणभन्दा २ वर्षअघिसम्मको अवधिमा जीवित शिशुलाई जन्म दिएका १५-४९ वर्ष उमेर समूहका महिलाहरूमध्ये ९०.५ प्रतिशतले स्वास्थ्य संस्थामा, ९१.४ प्रतिशतले दक्ष प्रसूतिकर्मीबाट र २५.३ प्रतिशतले सल्यक्रियाको माध्यमबाट प्रसूति गराएको देखिन्छ।

## बाल स्वास्थ्य, पोषण तथा विकास

- ५ वर्षमुनिका बालबालिकाहरूको पोषण स्थितिमा विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार उमेर अनुसारको तौल कमी भएका बालबालिकाहरू (लिखुरे), उमेर अनुसार उचाई कम भएका बालबालिकाहरू (पुड्को) क्रमशः २४.३ प्रतिशत र ३१.५ प्रतिशत रहेको पाइयो । त्यसै गरी उचाई अनुसार तौल कम भएका बालबालिकाहरू (ख्याउटे) ७.६ प्रतिशत र उचाई अनुसार तौल बढी भएको बालबालिकाहरू २.६ प्रतिशत रहेको पाइयो।
- उमेर अनुसारको तौल कमी भएका बालबालिकाहरू (लिखुरे) सबैभन्दा बढी ३३.२ प्रतिशत मधेश प्रदेशमा र सबैभन्दा कम ९.६ प्रतिशत बागमती प्रदेशमा देखिन्छ।
- ३ जना आमाहरूमध्ये २ जना (६९.७ प्रतिशत) ले आफ्नो बच्चालाई जन्मेको ६ महिनासम्म आफ्नो दुध मात्र खुवाउने गरेको पाइयो। प्रदेशगत आधारमा हेर्दा, सो प्रतिशत सबैभन्दा बढी ७६.६ प्रतिशत

सुदूरपश्चिम प्रदेशमा, त्यसपछि क्रमशः मधेश प्रदेशमा ७२.३ प्रतिशत र कर्णाली प्रदेशमा ७१.६ प्रतिशत देखिन्छ।

- उमेर समूह १२-२३ महिनासम्मका बालबालिकाहरूमध्ये ८०.७ प्रतिशत बालबालिकाहरूले मात्र पहिलो वर्षमा सबैखोप पूर्णमात्रामा लिएको देखिन्छ।
- सर्वेक्षणभन्दा २ हप्ताअघिसम्मको अवधिमा झाडापखाला लागेका ५ वर्षमुनिका बालबालिकाहरू ७.८ प्रतिशत रहेको र ती मध्ये २०.६ प्रतिशत बालबालिकाहरूलाई पुनर्जलीय झोलका साथै जिङ्क चक्की खुवाएको पाइयो।
- सर्वेक्षणभन्दा २ हप्ताअघिसम्मको अवधिमा श्वासप्रश्वास लक्षण भएका ५ वर्षमुनिका बालबालिकाहरू २.७ प्रतिशत भएको पाइयो ।
- ३६-५९ महिनाका बालबालिकाहरूमध्ये ५७.९ प्रतिशत बालबालिकाले सर्वेक्षणको अवधिमा प्रारम्भिक बाल शिक्षा कार्यक्रममा जाने गरेको पाइयो भने समग्रमा प्रारम्भिक बाल विकास सूचकांक २०३०, ६३.३ प्रतिशत रहेको देखिन्छ।

## शिक्षा

- आधारभूत विद्यालय कक्षा (१-५) मा ४.५ प्रतिशत र कक्षा (६-८) मा ३.६ प्रतिशत तथा माध्यमिक विद्यालय (९-१२) मा १३.२ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेको देखिन्छ।
- आधारभूत विद्यालय कक्षा (१-५) को १ कक्षामा प्रवेश गर्ने उमेरका बालबालिकाहरू ४१.२ प्रतिशत रहेको पाइयो।

## हिंसा तथा शोषणको सुरक्षा

- ५ वर्षमुनिका बालबालिकाका आमा/स्याहारसुसार गर्ने व्यक्तिहरूमध्ये ८२.९ प्रतिशतले जन्मदर्ता कसरी गर्ने भन्ने थाहा भएको पाइयो। त्यसैगरी, ५ वर्षमुनिका बालबालिकाहरूको जन्मदर्ता ८५.४ प्रतिशत रहेको पाइयो।
- प्रदेशगत आधारमा हेर्दा ५ वर्षमुनिका बालबालिकाहरूको जन्मदर्ता सबैभन्दा बढी (९५.८ प्रतिशत) कर्णाली प्रदेशमा र सबैभन्दा कम (७८.४ प्रतिशत) कोशी प्रदेशमा देखियो।
- ०-१७ वर्ष उमेर समूहका बालबालिकाहरूको जन्म दिने आमाबाबु (एक वा दुबै) को मृत्यु ३.४ प्रतिशत रहेको पाइयो। प्रदेशगत आधारमा हेर्दा सबैभन्दा बढी (५.३ प्रतिशत) सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम (२.१ प्रतिशत) मधेश प्रदेशमा देखियो।
- ०-१७ वर्ष उमेर समूहका बालबालिकाहरूको जन्म दिने आमाबाबु (एक वा दुबै) विदेशमा बसोबास गर्ने ३३.२ प्रतिशत रहेको पाइयो। प्रदेशगत आधारमा हेर्दा सबैभन्दा बढी (४०.८ प्रतिशत) गण्डकी प्रदेशमा र सबैभन्दा कम (२१.० प्रतिशत) बागमती प्रदेशमा देखियो।

## खानेपानी तथा सरसफाइ

- नेपालको कूल जनसंख्याको ९८.२ प्रतिशतले खानेपानीको लागि सुधारिएको पानीको स्रोत प्रयोग गरेको देखिन्छ। पानीको गुणस्तर परीक्षण गर्दा ६०.४ प्रतिशत घरपरिवार सदस्यहरूले पिउने पानीमा *E-coli* को जीवाणु (>=1cfu/100ml) पाइयो।

- नेपालको कूल परिवारका सदस्यहरु मध्ये ९२.४ प्रतिशतले सुधारिएको चर्पीहरूको प्रयोग गरेको पाइयो सोमध्ये ७९.९ प्रतिशत परिवारका सदस्यहरुले सुधारिएको चर्पीहरू आफैले मात्र एकल रुपमा प्रयोग गर्ने गरेको देखिन्छ।
- ८६.४ प्रतिशत घरपरिवारसँग हात धुनको लागि निर्दिष्ट स्थानमा पानी तथा साबुन वा अन्य सफाइका वस्तु राखिएको भेटियो।

## स्वास्थ्य बीमा

- १५-४९ वर्ष उमेर समूहका महिला १७.८ प्रतिशत तथा पुरुष १९.६ प्रतिशत ले स्वास्थ्य बीमा गरेको पाइयो। त्यसै गरी ५-१७ वर्ष उमेर समूहका बालबालिका १५.० प्रतिशत तथा ५ वर्षमुनि बालबालिका ११.७ प्रतिशतले स्वास्थ्य बीमा गरेको पाइयो।

*(बहुसूचक सर्वेक्षण महिला, बालबालिका तथा घरपरिवार सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने विभिन्न स्रोतहरूमध्ये एक बृहत् तथ्याङ्कीय स्रोत हो । यो सर्वेक्षण संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) बाट विकसित गरिएको अन्तर्राष्ट्रियस्तरको घरपरिवार सर्वेक्षण (Multiple Indicator Cluster Survey - MICS) विधि अपनाइ सञ्चालन गरिएको हो।)*


**सम्पर्कः**

श्री ढुण्डीराज लामिछाने

प्रवक्ता/ उपप्रमुख तथ्याङ्क अधिकारी

९८४१४१४३९२

**थप जानकारीका लागि**

राष्ट्रिय तथ्याङ्क कार्यालय

सामजिक तथा लैङ्गिक तथ्याङ्क शाखा, थापाथली, काठमाडौं

फोन नं. ०१-५३४५९४७, ५३२९४०६

९८४११८९८९५, ९८४१३४६४२४

http://www.nsonepal.gov.np